गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुजा लिवासे, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
स्था:२०७३
सुचना नं. १०

पत्र संख्या: २०८३/०८४
च.नः

## गौमुखी आधारभूत अस्पतालमा सहुलियतपूर्ण फार्मेसी सञ्चालनका लागि संस्था /फर्म छनोट सम्बन्धी प्रस्ताव आह्वानको दोश्रो सूचना

**(दोश्रो पटक सूचना प्रकाशित मितिः २०८३|०५|०८)**

गौमुखी गाउँपालिका प्यूठानको, **गौमुखी आधारभूत अस्पतालमा** सेवाग्राहीहरूलाई सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सहुलियतपूर्ण फार्मेसी सञ्चालन गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम दर्ता भई योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरूबाट देहायका शर्तहरूको अधीनमा रही रीतपूर्वकको प्रस्ताव पेस गर्नुहुन यो सूचना आह्वान गरिएको छ।

**१. प्रस्ताव सम्बन्धी कागजात खरिद र पेस गर्ने विधिः**

- **कागजात खरिद गर्ने स्थानः** गौमुखी गाउँ कार्यपालिकाको कार्यालय, पुजा प्यूठान।
- **फारम दस्तुरः** रु. १,०००|- (अक्षरेपी एक हजार रूपैयाँ मात्र) फिर्ता नहुने गरी।
- **राजश्व जम्मा गर्ने बैंक खाताः** नेपाल एस.बि.आई. बैंक, गौमुखी शाखास्थित यस गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ४१४२५२४०६०००१४ ( राजश्व शिर्षकः १४२२९ अफिस कोड ८०५५५५०२३००) मा जम्मा गरेको सक्कल भौचर पेस गर्नु पर्नेछ।
- **कागजात खरिद गर्ने अन्तिम मितिः** मिति २०८३।०५।१४ गते कार्यालय समयभित्र।

**२. पेस गर्नुपर्ने आवश्यक कागजातहरूः**

इच्छुक प्रस्तावदाताले प्रस्ताव खरिद तथा पेस गर्दा निम्न कागजातहरूको प्रमाणित प्रतिलिपिहरू अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछः

1. फर्म वा संस्था दर्ता सम्बन्धित निकायको नवीकरण प्रमाणपत्र।
2. फार्मेसी सञ्चालनको आधिकारिक इजाजतपत्र (लाइसेन्स)।
3. आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा करको म्याद थप गरिएको पत्र।
4. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।
5. प्रचलित कानूनबमोजिम फार्मेसी सञ्चालन गर्न अयोग्य नभएको र कालोसूचीमा समेत नपरेको व्यहोराको स्वयम् सहीछापसहितको लिखित स्वःघोषणा पत्र।

**३. धरौटी/बिड बण्ड (Bid Bond) सम्बन्धी व्यवस्थाः**

प्रस्तावदाताले प्रस्तावसाथ धरौटी /जमानत बापतको रकम रु. १,००,०००|०० (एकलाख रुपैयाँ मात्र) यस कार्यालयको नेपाल एस.वि.आइ.बैंक गौमुखी शाखामा रहेको धरौटी खाता नं. ४१४२५२४०६०००१३ जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० (नब्बे) दिन म्याद भएको बैंक जमानत (Bid Bond) पेस गर्नु पर्ने छ ।

**४. प्रस्ताव दर्ता गर्ने मिति र स्थानः**

- अन्तिम मितिः दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे भित्र।

दुर्गा प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

सुचना नं. १०

- तरीकाः प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी, ती दुवै सिलबन्दी खामलाई एउटै बाह्य खाममा राखी रीतपूर्वक यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।

**५. प्रस्ताव खोल्ने समय र प्रक्रियाः**

- **प्राविधिक प्रस्ताव खोल्ने समयः** सूचना प्रकाशित भएको ८ औं दिनको १:०० बजे, प्रस्तावदाता वा निजका प्रतिनिधिहरूको रोहवरमा। (प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन)।
- **आर्थिकप्रस्ताव खोल्ने समयः** प्राविधिक मूल्याङ्कनबाट उत्तीर्ण (सफल) भएका प्रस्तावदाताहरूको मात्र आर्थिक प्रस्ताव छुट्टै मिति र समयमा प्रस्तावदाताहरूको रोहवरमा खोलिनेछ।

**६. फार्मेसी सञ्चालन तथा सेवाप्रदायकको मुख्य जिम्मेवारीहरूः**

१. गौमुखी आधारभूत अस्पतालमा आउने बिरामीहरुलाई अस्पताल वा चिकित्सकले सिफारिस गरेका सम्पूर्ण क्षेत्रगत रोगहरू (जस्तैः मुटुरोग, दम, हाडजोर्नी, महिला-वालवालिका तथा नसा रोग लगायतका सम्पुर्ण रोगहरु) का लागि आवश्यक पर्ने Injection Items, Tablets, Capsules, Ointment , Rota cap तथा मेडिकल सामग्रीहरु (Medical Equipment) उपलब्ध गराउनु पर्नेछ । साथै उक्त औषधि तथा सामग्रीहरु नेपाली तथा भारतीय ब्रान्डेड कम्पनीका गुणस्तरीय औषधिहरू अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ ।

२. प्रस्ताव स्वीकृत गर्दा प्राविधिक मूल्याङ्कनमा उत्तीर्ण भई औषधि तथा औषधिजन्य सामग्रीहरूमा **सबैभन्दा बढी छुट प्रतिशत प्रस्ताव गर्ने** सारभूतरूपमा प्रभावग्राही प्रस्तावलाई मान्यता दिइनेछ ।

३. स्वीकृत प्रस्तावदाताले फार्मेसीबाट उपलब्ध गराइने औषधि तथा स्वास्थ्य सामग्रीहरूमा सेवाग्राहीहरुलाई **कम्तिमा १०% (प्रतिशत) छुट** दिनु अनिवार्य हुनेछ ।

४. औषधि भण्डारण र वितरण कक्ष अस्पताल भवन भित्र हुनेछ । सो प्रयोग वापत मासिक कम्तिमा ३०००।०० भाडा लाग्ने छ ।थप कुराहरु संझौता वमोजिम हुनेछ ।

**७. विशेष व्यवस्थाः**

- आर्थिक प्रस्तावमा एकभन्दा बढी प्रस्तावदाताहरूको छुट प्रतिशत बराबर हुन आएमा, त्यस्ता प्रस्तावदाताहरूलाई ७ (सात) दिनको सूचना दिई थप प्रतिस्पर्धा गराइनेछ।
- प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने दिन कुनै सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन सोही कार्य सम्पन्न गरिनेछ।
- यस सूचनामा उल्लेख नभएका अन्य विषयहरूको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा गाउँपालिकाको प्रशासनिक निर्णयबमोजिम हुनेछ।

**८. थप जानकारीका लागिः**

कार्यालयको आधिकारिक वेबसाइट **www.gaumukhimun.gov.np** बाट थप जानकारी लिन सकिनेछ।

दुर्गा प्रशाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत